830

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ६४/२०७१/०७२

**निर्णय नं.४२**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ....................................................१ निवेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, सुनसरी ....................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुनसरी ....................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, सुनसरी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेकोमा यस आयोगबाट मिति २०७१।०९।०१ मा निवेदकको माग बमोजिम सूचना दिनू भनी आदेश गरेकोमा सूचना उपलब्ध नगराएको भनी पुनः मिति २०७१।१०।०५ र मिति २०७१।१२।२३ मा सूचना नदिने पदाधिकारी उपर कारवाही समेतको माग गरी निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ। तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला प्रशासन कार्यालय, सुनसरीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ। साथै आयोगको यस पूर्वको आदेश के कति कारणले पालना नभएको हो ? सो समेत खुलाई पठाउन पनि आदेश जारी भएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्लामा रहेका कुन कुन सरकारी कार्यालयहरु अन्तर्गतमा रहेका समिति तथा उपसमितिहरुमा प्रमुख जिल्ला अधिकारी पदेन अध्यक्ष वा पदेन संयोजक हुने कानूनी प्रावधान रहेको छ ? कुन कुन

सरकारी कार्यालयहरुमा रहेका समितिहरुमा प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गरेर मात्र बैठक बस्ने गरेको छ ? भन्ने विवरणको निम्न अनुसारको विवरणको प्रमाणित प्रतिलिपि ।

| क.सं. | सरकारी कार्यालय वा निकायको नाम | समिति वा उपसमितिको नाम | कुन ऐन नियम वा कानून अन्तरगत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

२. त्यस जिल्लामा रहेका कुन कुन सरकारी कार्यालयहरु अन्तर्गतमा रहेका समिति तथा उपसमितिहरुमा सहायक प्रमुख जिल्ला अधिकारी पदेन अध्यक्ष वा पदेन संयोजक हुने कानूनी प्रावधान रहेको छ ? कुन कुन सरकारी कार्यालयहरुमा रहेका समितिरुमा सहायक प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गरेर मात्र बैठक बस्ने गरेको छ ? भन्ने विवरणको निम्न अनुसारको प्रमाणित प्रतिलिपि ।

| क.सं. | कार्यालयको नाम | समितिको नाम | कुन ऐन नियम वा कानून अन्तरगत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।